नेपाल सरकार

# युवा, श्रम तथा रोजगार मन्त्रालय

(...................................)

सिंहदरबार, काठमाडौं

प.सं.:- ०८२/८३

चलानी नम्बरः-

## सर्वसाधारणको राय माग गरिएको सूचना

युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो विधेयक उपर संलग्न ढाँचामा Email : emd@moless.gov.np मा इमेल वा अन्य माध्यमबाट ७ (सात) दिन भित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सरोकारवाला समक्ष अनुरोध छ।

(शा. अ.)

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विधायन ऐन, २०८१ को दफा ६ उपदफा (२) बमोजिम वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक

## तर्जुमा गर्नुपर्ने कारण र त्यसले पार्ने प्रभाव

(क) कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारण,

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/१२/१३ गतेको स्वीकृत शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदा नं.२सँग सम्बन्धित कार्ययोजना बमोजिम वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनका लागि यो ऐनको संशोधन विधेयक तयार गरिएको छ।

(ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव,

- नेपालको संविधानको धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २० को न्याय सम्बन्धी हक र धारा ३३ को रोजगार सम्बन्धी हक कार्यान्वयन हुन मद्दत पुग्ने।

(ग) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव,

- प्रस्तुत विधेयक हाल मौजुदा व्यवस्थाबाट नै कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

(घ) विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग,

- दिगो विकासको लक्ष्य प्राप्तिका लागि सबैलाई न्यायमा पहुँच प्रदान गर्न सहयोग पुग्ने।

(ङ) विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव,

- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सहयोग पुग्ने

(च) विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग, र

- वैदेशिक रोजगारीबाट आर्जन गरेको सिप, पुँजी र प्रविधिको अवलम्बन गरी पुनःएकीकरणमा हरित अर्थतन्त्रको निर्माण भई जलवायु अनुकूलनमा सहयोग पुग्ने

(श्रा.अ.)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

विधेयकको मस्यौदामा राय/सुझाव दिने ढाँचा

- नाम थर
- सम्पर्क नम्बर
- इमेल ठेगाना
- सुझाव
    - सुझाव दिन खोजेको विषय
    - सुझाव वा सोको कारण र प्रभाव

(प्रा. अ.)

## वैदेशिक रोजगार ऐन, २०६४ (तेस्रो संशोधन) विधेयक, २०८३

**प्रस्तावनाः** वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वैदेशिक रोजगार (तेस्रो संशोधन) विधेयक, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **वैदेशिक रोजगार ऐन, २०६४ को प्रस्तावनामा संशोधनः** वैदेशिक रोजगार ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण" भन्ने शव्दहरुको सट्टा " वैदेशिक रोजगारमा जाने श्रमिकको हकहितको संरक्षण गर्न, वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन एवम् वैदेशिक रोजगार व्यवसायी तथा अन्य सम्वन्धित सेवा प्रदायकहरुको नियमन तथा व्यवस्थापन" भन्ने शव्दहरु राखिएका छन्।

३. **मूल ऐनको दफा २ मा संशोधनः** मूल ऐन को दफा २ को खण्ड (ख), घ(१), (ज), (ञ) र (ठ) को सट्टा देहायको खण्ड (ख),(घ१), (ज), , (ठ) , (ढ) र (ण) राखिएको छः-

(ख) "श्रमिक" भन्नाले वैदेशिक रोजगारको लागि छनौट भई वैदेशिक रोजगार अनुमति लिई विदेशमा जाने नेपाली नागरिक सम्झनु पर्छ।

(घ१) "मन्त्रालय" भन्नाले युवा, श्रम तथा रोजगार मन्त्रालय सम्झनु पर्दछ।

(ज) "सेवाशुल्क" भन्नाले वैदेशिक रोजगार व्यवसायीले श्रमिक विदेश पठाउँदा, गन्तव्य मुलुकमा श्रमिकको व्यवस्थापन गरे बापत रोजगारदाता संस्थावाट वा श्रमिकबाट लिने रकम सम्झनु पर्दछ।

(ठ) "श्रम सहचारी/काउन्सेलर" भन्नाले "श्रम सहचारी/काउन्सेलर भन्नाले दफा ६८ बमोजिम नियुक्त श्रम सहचारी सम्झनु पर्छ र सो शव्दले विदेशस्थित कुटनैतिक नियोगमा नेपाली कामदारको हित प्रर्वद्धन को जिम्मेवारी तोकिएको अधिकृतस्तरको कर्मचारी समेतलाई जनाउँछ ।

(ढ) "पुनःएकीकरण" भन्नाले वैदेशिक रोजगारीमा गई स्वदेश फर्किएका श्रमिकको पारिवारिक, सामाजिक र आर्थिक पुनः सम्मिलन गर्ने कार्यलाई सम्झिनु पर्दछ।

(ण) "अन्य सेवा प्रदायक" भन्नाले पूर्वप्रस्थान अभिमुखीकरण तालिम, सीपमूलक तालिम प्रदायक र वैदेशिक रोजगार स्वास्थ्य व्यवसायी संस्थालाई जनाउँछ ।

४. **दफा ५ को उपदफा (१क)** मा महिला कामदारको सट्टा "महिला श्रमिक वा अन्य श्रमिक" भन्ने शव्द राखिएको छ।

५. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-



२०८३/१/१३

(क) युवा, श्रम तथा रोजगार मन्त्री

६. **दफा ८ को प्रतिबन्धात्मक वाक्यांश**मा "...पुरुष, महिला वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक" भन्ने शब्द थप गरिएको।

७. **दफा ९** मा दैवीप्रकोप पीडितको सट्टा "विपद् पीडित तथा भूमिहीन सुकुम्बासी" भन्ने शब्द राखिएको छ।

८. **दफा ११ को उपदफा १) मा संशोधन :** "...विवरण खुलाई विद्युतीय माध्यमबाट" भन्ने शब्द थप गरिएको।

९. **दफा ११ मा उपदफा ८ थप**: "इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा पूर्वाधार तथा जनशक्तिको मापदण्ड तोकिए बमोजिम हुने छ।"

१०. **दफा ११क मा संशोधन** : उपदफा २ मा थप " यसरी एकआपसमा मर्ज हुने इजाजतवाला संस्थालाई तोकिए बमोजिमको प्रोत्साहन तथा छुट सुविधा उपलब्ध गराउन सकिनेछ भन्ने थप गरिएको"।

११. **मूल ऐनको परिच्छेद-४ मा संशोधनः** मूल ऐनको परिच्छेद-४ को परिच्छेद शीर्षकमा रहेका "पूर्व स्वीकृति र" भन्ने शब्दहरु झिकिएका छन्।

**"१५. मागपत्र प्रमाणीकरणः**

मूल ऐनको दफा १५ मा उपदफा ५, ६ र ७ थप गरिएको छ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले गन्तव्य देशको रोजगारदाता संस्थाद्वारा करारनामा अनुसारको शर्तको पालना र तोकिए बमोजिमका अन्य शर्तहरुको विश्लेषणको आधारमा सुचीकरण (एक्रिडिटेशन) सम्बन्धित देशको वा कार्यक्षेत्र तोकिएको नेपाली कूटनैतिक नियोगले गर्नुपर्नेछ। सूचीकृत भएका संस्थाको मान्य अवधि दुई वर्षको हुनेछ। यसरी एक्रिडिटेशन भएका संस्थाबाट माग आएमा मागपत्रसाथ प्राप्त कागजात रुजु गरी स्वीकृति दिनु पर्नेछ ।

(६) उपदफा ४ बमोजिम सूचीकरण (एक्रिडिटेशन) हुँदाका बखतका शर्तहरु उल्लङ्घन भएको पाइएमा वा श्रमिक हित विपरीत कुनै काम कारवाही भए गरेको पाइएमा यस्ता संस्थाहरुको एक्रिडिटेशन जुनसुकै बखत रद्ध गरी सूचीबाट हटाइनेछ ।

(७) मागपत्र प्रमाणीकरण तथा सूचीकरण (एक्रिडिटेशन) गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"दफा १५ बमोजिम स्वीकृति प्राप्त भएपछि इजाजतपत्रवालाले तोकिएबमोजिमको विवरण खुल्ने गरी श्रमिक छनौट गर्न नेपाली भाषामा प्रकाशन हुने राष्ट्रियस्तरको दैनिक, संस्थाको वेवसाईट र वैदेशिक रोजगार विभागको वेवसाइटमा कम्तिमा ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ।"

१३. **मूल ऐनको दफा १७ मा संशोधन :** उपदफा १ को सट्टामा देहायको उपदफाहरु राखिएको छ " विद्युतीय प्रणालीबाट प्राप्त निवेदनहरुको तोकिए बमोजिम छनौट गरी छनौट भएका श्रमिकको सूची विद्युतीय माध्यमबाट विभागमा पठाउनुपर्नेछ, स्वचालित प्रणालीबाट विभागको विद्युतीय प्रणालीमा आएको विवरणलाई रोजगारदाताले पठाएको मानिनेछ।" भन्ने राखिएको।

१४. **मूल ऐनको दफा १८ मा उपदफा २ थप गरिएको :** "कुनैपनि इजाजतपत्रवाला संस्थाले मागबमोजिमको श्रमिक छनौट नभइकन राहदानी संकलन गर्न पाउनेछैन भन्ने थप गरिएको छ"।

१५. **मूल ऐनको दफा १९ मा संशोधनः** मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९ वैदेशिक रोजगार अनुमति सम्बन्धी व्यवस्था (१) इजाजतपत्रवाला संस्थाबाट दफा १७ बमोजिम छनोट भएका श्रमिकको प्रवेशाज्ञा प्राप्त भएपछि त्यस्ता श्रमिकलाई वैदेशिक रोजगारमा पठाउनुभन्दा अघि देहायका विवरण संलग्न गरी अनुमतिका लागि अनलाइन प्रणाली मार्फत विभाग वा तोकिएको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) सिपमूलक तालिम आवश्यक पर्ने भए त्यस्तो तालिम लिएको प्रमाणपत्र,

(ख) भाषा आवश्यक पर्ने भएमा भाषा परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ग) अभिमुखीकरण तालिम प्राप्त गरेको प्रमाणपत्र, विधुतीय प्रणालीको निस्सा

(घ) नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गरेको निरोगिताको प्रमाणपत्र,

(ङ) इजाजतपत्रवाला संस्था र श्रमिक बीच भएको करारपत्र,

(च) रोजगारदाता संस्था र श्रमिक बीच भएको करारपत्र,

(छ) संस्थालाई सेवाशुल्क तिर्नुपर्ने भएमा श्रमिकले सेवा शुल्क बापत इजाजतपत्रवाला संस्थालाई तिरेको रकमको बैंक भौचर, विद्युतीय भुक्तानीको प्रमाण वा रसिद,

(ज) बीमा, कल्याणकारी कोष र सामाजिक सुरक्षा कोषमा जम्मा गरेको रकमको प्रमाण,

(झ) श्रमिकको नाममा प्राप्त प्रवेशाज्ञा,

(ञ) तोकिए बमोजिमका अन्य कुराहरु।

(२) उपदफा (१) बमोजिम पेश भएको विवरण जाँचबुझ गर्दा पेश गरेको विवरण, श्रमिकको पद, कार्य प्रकृति, कार्यक्षेत्र, तलब तथा अन्य सेवा सुविधा रोजगारदाता कम्पनी र श्रमिकबिच भएको करारनामामा उल्लेख भए बमोजिम विभागले तीन महिना वा सो भन्दा बढी अवधिको करारनामा भएमा वैदेशिक रोजगार अनुमति दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको विवरण पेश नभएका र उपदफा (२) बमोजिमको विवरण फरक देखिएमा विभागले वैदेशिक रोजगारमा श्रमिक पठाउन इजाजतपत्रवालालाई रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाउनु पर्ने कारण सहितको जानकारी इजाजतपत्रवालालाई अनलाइन प्रणाली मार्फत दिनु पर्नेछ।

(४) वैदेशिक रोजगार अनुमतिका लागि पेश गरिएको सम्पूर्ण कागजातहरुको आधिकारिकताको जवाफदेहिता स्वयम् निवेदकमा नै रहनेछ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(५) यो दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि ईजाजतपत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाउन पाउने छैन्।

१६. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को सट्टा देहाय बमोजिमको दफा २१ राखिएको छः-

"२१. **व्यक्तिगत रुपमा वैदेशिक रोजगारमा जान सक्नेः** (१) कुनै व्यक्ति वैदेशिक रोजगारको लागि व्यक्तिगत रुपमा जान चाहेमा देहायका कुराहरु खुलाई तोकिए बमोजिम विद्युतीय माध्यमबाट विभाग वा तोकिएको निकाय समक्ष स्वीकृतिको लागि निवेदन दिनुपर्नेछ।

(क) सिपमूलक तालीम आवश्यक पर्ने भए त्यस्तो तालिम लिएको प्रमाणपत्र,

(ख) भाषा आवश्यक पर्ने भएमा भाषा परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ग) अभिमूखीकरण तालिम प्राप्त गरेको प्रमाणपत्र,

(घ) नेपाल सरकार बाट मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गरेको निरोगिताको प्रमाणपत्र,

(ङ) सम्वन्धित मुलुकको दुतावासबाट प्रमाणित कागजात,

(च) रोजगारदाता संस्था र श्रमिक बीच भएको करारपत्र/अफर लेटर,

(छ) बीमा, कल्याणकारी कोष र सामाजिक सुरक्षा कोषमा जम्मा गरेको रकमको प्रमाण,

(ज) श्रमिकको नाममा प्राप्त प्रवेशाज्ञा,

(झ) तोकिए बमोजिमका अन्य कुरा।

(२) उपदफा (१) बमोजिम पेश भएको विवरण जाँचबुझ गर्दा पेश गरेको विवरण, श्रमिकको पद, कार्य प्रकृति, कार्यक्षेत्र, तलब तथा अन्य सेवा सुबिधा रोजगारदाता कम्पनी र श्रमिकबिच भएको करारनामामा उल्लेख भए बमोजिम भएमा विभागले वैदेशिक रोजगार अनुमति दिनुपर्नेछ।

(२क) उपदफा (१) बमोजिमका आवश्यकताहरूका अतिरिक्त, नेपाल सरकारले कुनै व्यक्तिलाई व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा जान स्वीकृति प्रदान गर्नका लागि थप मापदण्ड, शर्त तथा सुरक्षा उपायहरू तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको विवरण पेश नभएका र उपदफा (२) बमोजिमको विवरण फरक देखिएमा विभागले वैदेशिक रोजगारीका लागि अनुमति दिनेछैन र सोको कारण सहितको जानकारी सम्वन्धित व्यक्तिलाई अनलाइन प्रणाली मार्फत दिनुपर्नेछ।

(४) वैदेशिक रोजगार अनुमतिका लागि पेश गरिएको सम्पूर्ण कागजातहरुको आधिकारिकताको जवाफदेहिता स्वयम् निवेदकमा नै रहनेछ।

(५) यो दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि ईजाजतपत्रवालाले व्यक्तिगत रुपमा कामदार पठाउन पाउने छैन।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

२०८२/३/१३

**१७. मूल ऐनको दफा २१ (क) मा संशोधनः** मूल ऐनको दफा २१ (क) को उपदफा (५) झिकिएको छ।

**१८. मूल ऐनको दफा २१ (ख) मा संशोधनः** (१) मूल ऐनको दफा २१(ख) को दफा शिर्षकमा रहेको "पुनः श्रम स्वीकृति" भन्ने शब्दहरुको सट्टा "पुनःश्रम अनुमति" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेको "बढीमा दुई पटक" भन्ने शब्दहरु झिकिएका छन् र "श्रम स्वीकृति" भन्ने शब्दको सट्टा "पुनः अनुमति" भन्ने शब्द राखिएका छन्।

**१९. मूल ऐनको दफा २४ मा संशोधनः** (१) मूल ऐनको दफा २४ को दफा शीर्षकमा रहेको "तथा प्रवर्धन खर्च" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (१) मा रहेको " र प्रवर्धन खर्च" भन्ने शब्दहरुको सट्टा "सेवा शुल्क" र स्पष्टीकरण खण्डमा रहेको " प्रवर्धन खर्च" भन्ने शब्दहरुको सट्टा "सेवा शुल्क" भन्ने शब्दहरु राखिएका छन्।

(३) वैदेशिक रोजगारीमा जाँदा श्रमिक भर्ना प्रक्रियामा लाग्ने लागत गन्तव्य देशको रोजगारदाता संस्थाले व्यहोर्नु पर्ने छ । यदि रोजगारदाताले नव्यहोर्ने अवस्था भएमा श्रमिकले तिर्ने सेवा शुल्क नेपाल सरकारले तोके बमोजिम हुंनेछ।

(३) एकवर्ष भन्दा कम अवधिको करारमा वैदेशिक रोजगारमा पठाउदा उपदफा (१) बमोजिमको सेवाशुल्क र अन्य कुनै शुल्क लिन पाइने छैन।

२०. **मूल ऐनको दफा २५ को उपदफा (२) मा थपः** "...अनुवाद गरी अनलाइन प्रणाली मार्फत विभाग समक्ष पेश गर्नुपर्नेछ र त्यस्तो करारको प्रति विभागले प्रमाणित गरी सोको जानकारी इजाजतवालालाई दिई त्यसको अभिलेख विद्युतीय प्रणालीबाट सुरक्षित राख्नुपर्नेछ..." भन्ने थप गरिएको छ।

२१. **मूल ऐनको दफा २६ को उपदफा (१) मा संशोधनः** "...पाँच लाखको रुपैयाँको विमा गराउनुपर्नेछ।" भन्ने शब्दहरुको सट्टामा "...तोकिएको रकमको बीमा तथा सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु पर्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।

**२२. मूल ऐनको दफा २६ मा उपदफा १क थप गरिएको :** नेपाल सरकारले तोकिए बमोजिम आवधिक रुपमा बीमाको दायरा बढाउन सक्नेछ।

**२३.** मूल ऐनको दफा २७ मा थप : "...संस्था पछि वा राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान वा वैदेशिक रोजगार बोर्ड..." भन्ने थप गरिएको छ।

**२४. मूल ऐनको दफा २८ को उपदफा (५) मा संशोधनः** दफा २८ को उपदफा ५ मा रहेको "नवीकरण गरिदिनु पर्नेछ" भन्ने शब्दहरु पछि प्रतिबन्धात्मक "तर सरकारी तालिम केन्द्र तथा प्रदेश सरकार तथा स्थानीय पालिकाहरुले निःशुल्क तालिम प्रदान गर्न कुनै बाधा पर्ने छैन। ति निकायहरुले निशुल्क रुपमा पूर्व निर्णय तालिम समेत भौतिक उपस्थिति वा विद्युतीय माध्यमबाट सञ्चालन गर्न सक्नेछ।" वाक्याशं थपिएका छन्।

(२) अभिमुखीकरण तालिम भौतिकरुपमा उपस्थित भई वा विद्युतीय प्रणालीमार्फत सञ्चालन गर्न सकिनेछ।

**२५. मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "नेपाल सरकारबाट मान्यताप्राप्त संस्था" भन्नाले राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र त्यस्तै प्रकारका तालिम दिने प्रचलित कानून बमोजिम स्थापित भई उक्त परिषद्सँग आबद्ध अन्य संस्था समेतलाई सम्झनु पर्दछ।

३) उपदफा (१) बमोजिम कोषको व्यवस्थापन तथा परिचालन वैदेशिक रोजगार बोर्डमार्फत गरिनेछ।

२६. **मूल ऐनको दफा ३२ को उपदफा २ मा थप** : छ) नेपाल सरकारवाट समयसमयमा प्राप्त रकम।

२७. **मूल ऐनको दफा ३२क थप : उद्धार तथा कल्याण कोष सम्बन्धी व्यवस्था** १) नेपाल सरकारले विदेशमा रहेका नेपाली नागरिकका लागि उद्धार तथा कल्याण कोष स्थापना गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिमको कोषमा श्रम अनुमति नलिई वैदेशिक रोजगारी गएका तथा अन्य प्रयोजनका लागि विदेशमा जाने नेपाली नागरिकले स्वेच्छिक रुपमा तोकिए बमोजिमको योगदान, व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले गरेको योगदान तथा नेपाल सरकारले समयसमयमा प्रदान गरेको रकम रहने छ।

२८. **मूल ऐनको दफा ३३ मा संशोधनः** मूल ऐनको दफा ३३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"**३३. वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग तथा सञ्चालनः** (१) वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग देहायको प्रयोजनका लागि गरिनेछः-

(क) श्रमिकको अङ्गभङ्ग भई वा दफा ७५ को कारणवाट श्रमिकलाई स्वदेश फिर्ता गराउन, क्षतिपुर्ति दिन र त्यसरी फिर्ता आएका श्रमिक वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न,

तर यसरी उपलब्ध गराइने क्षतिपूर्ति र राहत प्राप्त गर्न सम्बन्धित देशको वैदेशिक रोजगार अनुमति लिएको हुनुपर्ने छ।

(ख) वैदेशिक रोजगारको लागि विदेश गएको अवस्थामा गम्भीर प्रकृतिको फौजदारी कसुरको अभियोग र ब्लड मनीको आवश्यक परेका श्रमिकको लागि तोकिए बमोजिम आर्थिक र कानूनी सहायता प्रदान गर्न,

(ग) वैदेशिक रोजगारमा जाने श्रमिकका लागि सूचना र सेवा प्रवाह गर्न,

(घ) वैदेशिक रोजगारका लागि विदेश गएको अवस्थामा श्रमिकको मृत्यु भई शव नेपाल ल्याउन रोजगारदाताले खर्च व्यहोर्न नसक्ने अवस्था भएका र अलपत्र परेका शव नेपाल ल्याउन,

(ङ) वैदेशिक रोजगारबाट फर्किएका श्रमिकलाई सीपमूलक तालिम तथा व्यावसायिक तालिम प्रदान गर्न एवम् सीप प्रमाणीकरण गर्न,

(च) वैदेशिक रोजगार अनुमति प्राप्त भएको मिति देखि करार अवधिभित्र स्वदेश वा गन्तव्य मुलुकमा अङ्गभङ्ग वा विरामी भै अशक्त वा पूर्ण अशक्त भएका श्रमिकलाई नेपालमा एक पटकको लागि तोकिए बमोजिम उपचार खर्च प्रदान गर्न,

(छ) गन्तव्य मुलुकमा अङ्गभङ्ग वा गम्भिर विरामी भई उपचार गराउँदा गराउँदै नेपालमा आई उपचारकै क्रममा सोही कारणले मृत्यु भएमा आर्थिक सहायता उपलब्ध गराउन,

(ज) बिदामा नेपालमा आएको श्रमिकको करार अवधिभित्र नेपालमा मृत्यु भएमा आर्थिक सहायता प्रदान गर्न,

(झ) वैदेशिक रोजगारबाट फर्केका श्रमिकको लागि पुर्नस्थापना, पुर्नएकीकरण र रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न,

(ञ) वैदेशिक रोजगारमा रहेका महिला श्रमिक कुनै किसिमको यौन दुर्व्यवहार वा हिंसामा परी गर्भवती भएका, नाबालक बच्चासहित फर्केका, यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी समस्या भएका महिला श्रमिकलाई तोकिए बमोजिम उपचार तथा आर्थिक सहायता प्रदान गर्न,

(ट) वैदेशिक रोजगारको व्यवस्थापन सम्वन्धी अध्ययन र अनुसन्धान गर्न,

(ठ) वैदेशिक रोजगारको सिलसिलामा समस्यामा परेका नेपाली श्रमिकका लागि गन्तव्य मुलुकको नेपाली नियोगमा सुरक्षित गृह सञ्चालन गर्न र नेपाल फर्केपछि स्वदेशमा आश्रयस्थल सञ्चालन गर्नु पर्ने अवस्थामा सो समेत संचालन गर्न,

(ड) वैदेशिक रोजगारमा गई मृत्युवरण गर्नु परेका वा अलपत्र परेका वा विरामी भई अशक्त भएका, कोमामा रहेका, वा जेलमा रहेका श्रमिकका सन्ततिलाई तोकिए बमोजिमको शैक्षिक वृति प्रदान गर्न,

(ढ) करार अवधि भित्र कुनै श्रमिकको मृत्यु भएमा निजको आश्रित परिवारलाई तोकिए बमोजिम आर्थिक सहायता प्रदान गर्न,

(ण) तोकिए बमोजिमको अन्य कार्य गर्न।

(२) वैदेशिक रोजगार कल्याणकारी कोषको सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. <u>**मूल ऐनको दफा ३४ मा संशोधनः**</u> मूल ऐनको दफा ३४,- को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:

(१)"(२) मन्त्रालयले उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।"

(२) उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (३), (४), (५) र (६ थप गरिएका छन्:-

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन वा निरीक्षण गर्दाका बखत माग भए बमोजिमको विवरण तथा अभिलेख सात दिनभित्र उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम माग गरेको विवरण तोकिएको समयभित्र उपलब्ध नगराउने संस्थालाई विभागले बढीमा तीन महिनासम्म निलम्बन वा एक लाख जरिवाना वा दुवै सजाय गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सजाय हुनु पुर्व सफाईको मौका दिनुपर्नेछ।

(६) अनुगमन तथा निरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं



२०८२/३/१९

३०. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को दफा उपदफा (१) खण्ड (ख), (ज), (झ) र (ट) झिकिएको छ र खण्ड (क), (ड), (ढ), (ण), (त) र (द) सट्टा देहायको खण्ड (क), (झ), (ञ), (ट), (ठ) र (ढ) राखिएको छः

(क) युवा, श्रम तथा रोजगार मन्त्री/राज्यमन्त्री- अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने)- सदस्य

(ग) सचिव, युवा, श्रम तथा रोजगार मन्त्रालय- सदस्य

(घ) सचिव वा निजले तोकेको रा.प.प्रथम श्रेणीको प्रतिनिधि, गृह मन्त्रालय- सदस्य

(ङ) सचिव वा निजले तोकेको रा.प.प्रथम श्रेणीको प्रतिनिधि, परराष्ट्र मन्त्रालय- सदस्य

(च) सचिव वा निजले तोकेको रा.प.प्रथम श्रेणीको प्रतिनिधि, अर्थ मन्त्रालय- सदस्य

(छ) महानिर्देशक, विभाग- सदस्य

(ज) अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ -सदस्य

(झ) सीप।अभिमुखीकरण तालिम सञ्चालकहरुमध्येबाट नेपाल सरकारले मनोनित गरेको एकजना प्रतिनिधि- सदस्य

(ञ) मन्त्रालयले तोकेको स्वास्थ्य सम्बन्धी विशेषज्ञ एकजना- सदस्य

(ट) अध्यक्ष, वैदेशिक रोजगारीमा गएर फर्केका मध्येबाट मन्त्रालयले तोकेको एकजना- सदस्य

(ठ) प्रतिनिधि, राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान- सदस्य

(ड) कार्यकारी निर्देशक- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको बोर्डको अध्यक्षको निर्देशनमा कार्यकारी निर्देशकले आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञलाई बोर्डको वैठकमा आमन्त्रण गर्न सक्नेछ।"

३१. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को खण्ड (ख) मा रहेको "प्रवर्धन" भन्ने शब्दको सट्टा "व्यवस्थापन" भन्ने शब्द राखिएको छ।

३२. **मूल ऐनको दफा ३९ मा संशोधनः** मूल ऐनको दफा ३९ मा खण्ड (घ१) मा "वैदेशिक रोजगारमा जाने श्रमिकलाई विना धितो सहुलियतपूर्ण कर्जा प्रवाह गर्न वित्तीय संस्थाहरुसँग समन्वय गर्ने" भन्ने थप गरिएको।

**झ मा थप :** "... जाने कामदार पछी कामदारको परिवार" भन्ने शब्द थप गरिएको।

३३. **मूल ऐनको दफा ५४ मा संशोधन** : "...सचेत गराउने, दोश्रो पटक एक लाख जरिवाना र तेस्रो पटक सोही कसूर दोहोर्याएमा तीन लाख जरिवाना गरी इजाजत पत्र रद्द गर्न सक्नेछ" भन्ने राखिएको।

३४. **मूल ऐनको दफा ६१ मा उपदफा (१क) थप**: इजाजतपत्रप्राप्त संस्था बाहेक यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कसूर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी सम्बन्धित जिल्ला प्रहरी कार्यालय र उक्त जिल्लाभित्रको अधिकारप्राप्त प्रहरी कार्यालयमा पर्न आएमा नियमानुसार अनुसन्धान अधिकृत तोकी जिल्ला सरकारी वकिल कार्यालय मार्फत सम्बन्धित जिल्ला अदालतमा अभियोजन गर्नेछ।



नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

२०७६/३/१६

३५. **मूल ऐनको दफा ६३ मा उपदफा (२) थप:** दफा ४३ बमोजिमका मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएको मानिनेछ"।

३६. **मूल ऐनको दफा ६६ को उपदफा (१) मा संशोधनः** मूल ऐनको दफा ६६ को उपदफा (१) मा रहेको "...पैंतीस दिनभित्र नेपाल सरकार समक्ष पुनरावेदन गर्न सक्नेछ।" भन्ने शब्दहरुको सट्टा "...पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।

३७. **मूल ऐनको दफा ६८ मा संशोधनः** मूल ऐनको दफा ६८ को दफा शीर्षक, उपदफा (१) र (२) मा रहेका "श्रम सहचारीको" भन्ने शब्द पछि श्रम सहचारी /काउन्सेलरको शब्दहरु थपिएका छन्। साथै कम्तीमा पछि मन्त्रालय वा अन्तर्गतका निकायमा तोकिए बमोजिमको अनुभव हासिल गरेको नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुहको राजपत्राङ्कित अधिकृत भनी थप गरिएको।

३८. **मूल ऐनको दफा ७१ मा संशोधन** : दफा ७१ को उपदफा १ मा एउटा भन्ने शब्द झिकिएको र इजाजतवाला पछि र रोजगारदातालाई भन्ने शब्द थप गरिएको छ।

३९. **मूल ऐनको दफा ७२ मा उपदफा १ मा** : "... सरकारबाट स्वीकृतिप्राप्त स्वास्थ्य संस्था वा सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्था..." थप गरिएको छ।

४०. **मूल ऐनको दफा ७२ मा उपदफा १क थप** : गन्तव्य मुलुकले वैदेशिक रोजगारमा जाने व्यक्तिको स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्था मापदण्ड तोक्दा नेपाल सरकार र गन्तव्य मुलुकको आपसी समन्वयमा गर्न सकिने छ ।

४१. दफा ७२ मा उपदफा ४ थप : स्वास्थ्य परीक्षण सम्बन्धमा कुनै देश विशेषको लागि छुट्टै स्वास्थ्य संस्था तोक्न पाइने छैन।

४२. **मूल ऐनको दफा ७३ मा उपदफा (१) संशोधन :** उपदफा १ मा "...वैदेशिक रोजगारमा जान लागेका र फर्केका श्रमिकको यस ऐन बमोजिम व्यक्तिगत विवरण र परामर्शका लागि नेपाल सरकार.." लागि भन्ने थप गरिएको छ। र उपदफा २ र ३ झिकिएको छ।

४३. **मूल ऐनमा दफा ७६क थप गरिएको; पुनः एकिकरण सम्बन्धी व्यवस्था;** वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको पारिवारिक, सामाजिक, आर्थिक पुनःएकिकरण कार्यक्रमहरु तोकिए बमोजिक सञ्चालन गरिनेछ।

४४. **मूल ऐनमा दफा ७८क थप गरिएको: रोजगारदाताको निलम्बन सम्बन्धी व्यवस्था** : गन्तव्य देशको रोजगारदाता संस्थाले करारबमोजिमको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध नगराएमा, हिंसाजन्य कार्य गरेमा, बाध्यकारी श्रममा लगाएमा र कार्यरत श्रमिकको राहदानी नियन्त्रणमा लिएमा निश्चित समय तोकी त्यस्ता रोजगारदाता संस्थामा नेपाली श्रमिक नपठाउने गरी कालोसूचीमा राख्नसकिने छ।

४५. **मूल ऐनको दफा ७९क थप गरिएको** : **श्रमिकको दायित्व:** वैदेशिक रोजगारीमा जाने श्रमिकले उद्गम देश तथा गन्तव्य मुलुकको प्रचलित कानुनको पालना, संस्कृतिको सम्मान, करारनामा बमोजिमको कार्य गर्नु तथा नैतिकता प्रदर्शन गर्नु श्रमिकको दायित्व हुनेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

२०७३/३/१६

४६. **मूल ऐनको दफा ८५ क. थपः** मूल ऐनको दफा ८५ पछि देहायको दफा ८५ क. थपिएको छः-

८५ क. कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेः- यो ऐनको कार्यान्वयन गर्नका लागि मन्त्रालयले आवश्यक कार्यविधी, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

४७. **रुपान्तरः** मूल ऐनको ठाउँ ठाउँमा रहेका "कामदार" भन्ने शब्दको सट्टा "श्रमिक" भन्ने शब्द र "पुनः श्रम स्वीकृति" भन्ने शब्दको सट्टा "पुनः अनुमति" भन्ने शब्दहरु राखी रूपान्तरण गरिएको छ ।